मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलमा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

आज मिति २०८२/१२/१८ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को वाहौं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | [signature] |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | — |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | — |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | [signature] |
| ५. | अमर बहादुर जि.एम. | का.वा.अध्यक्ष वडा नं ३ | [signature] |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | [signature] |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | [signature] |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | [signature] |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | — |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | [signature] |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | [signature] |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | — |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | विजय पौडेल | सचिव | [signature] |
| आमन्त्रित | | | |
| १५. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | [signature] |
| १६. | पुनाराम शर्मा | प्रशासकीय अधिकृत | |
| १७. | सुरेश पोखेल | सूचना प्रविधि अधिकृत | |

CamScanner

बैठक नं १२

मितिः २०८२ चैत्र १८ गते बुधवार

मिति २०८२/१२/१८ गतेको बाह्रौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को एघारौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को एघारौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | आ.व. ०८१/८२ को गाउँपालिकाको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन (LGPAS) सम्वन्धमा । | • आ.व. ०८१/८२ को गाउँपालिकाको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन (LGPAS) मा गाउँपालिकाले प्राप्त गरेको अंक र सूचक माथि छलफल र पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने । | |
| (३) | स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तरगतको योजनाहरुमा अपुग बजेट सम्वन्धमा । | • स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तरगत संचालन गरिने कार्यक्रममा अपुग बजेट ब्यवस्थापन गर्ने । | |
| (४) | उपभोक्ता समितिबाट सञ्चालन हुने योजना सम्वन्धमा । | • उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजनाहरुको सम्झौता गर्ने म्याद तोक्ने । | |
| (५) | आयोजना रकमान्तर तथा शिर्षक संशोधन सम्वन्धमा । | • वडा समितिबाट आयोजना तथा कार्यक्रमहरु रकमान्तर र शिर्षक संशोधनका लागि निर्णय भई आएका आयोजना तथा कार्यक्रम रकमान्तर र शिर्षक संशोधन गर्ने र | |
| (६) | विविध विषयहरु सम्वन्धमा । | • विविध समसामयिक विषयमा छलफल<br>○ आर्थिक सहयोग सम्वन्धी<br>○ बालि उपचार शिविर/घरदैलो उपचार सेवा | |

**निर्णयहरु:**

(१) आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८२/११/२९ मा वसेको एघारौं कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।कार्यान्वयन गर्न वाँकी रहेका निर्णयहरु यथाशक्य छिटो कार्यान्वयन गर्ने निर्णय गरियो ।

(२) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लागू गरेको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) मा मल्लरानी गाउँपालिकाले आ.व.०८१/८२ मा सम्पादन गरेका कार्यहरुको

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मुल्याङ्कनका आधारमा ६७.७ प्रतिशत अङ्क प्राप्त भएको र उक्त अंक र सूचकहरुको पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

(३) स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फको सरडकोट दरभाने गिरिचौर खजुरे लिफ्ट खानेपानी आयोजनामा अपुग भएको रकम रु २२,५६,०००। (अक्षरुपी बाइस लाख छप्पन्न हजार मात्र) संघीय समानीकरण अनुदान तर्फ देउराली थाम सोलहाल्ना सडक निर्माण वडा नं १ बाट बचत भएको रकमबाट रकमान्तर गर्ने निर्णय गरियो ।

(४) मल्लरानी गाउँपालिकाबाट आ.व.०८२/८३ का लागि स्विकृत भएका उपभोक्ता समितिबाट सञ्चालन हुने भौतिक पूर्वाधारका आयोजनाहरुको मिति २०८३ वैशाख ७ गते भित्र अनिवार्य सम्झौता गर्ने निर्णय गरियो ।

(५) मल्लरानी गाउँपालिका वडा नं ५ स्थित आदर्श प्रा.वि. दाहेखोला खानेपानी मर्मतको लागि रु ७०,०००। अध्यक्ष विशेष कोषको सामाजिक विकास तर्फ विनियोजित रकमबाट व्यवस्था गर्ने निर्णय गरियो ।

(६) वडा समितिबाट रकमान्तर र शिर्षक परिवर्तनको लागि निर्णय भई आएका आयोजनाहरु र कार्यक्रमहरु देहाय बमोजिम रकमान्तर र शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | विनियोजित रकम | रकमान्तर/ शिर्षक परिवर्तन हुने योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | दिवसीय कार्यक्रम वडा नं २ | ७००००। | जेष्ठ नागरिक प्रतिक्षालय निर्माण वडा नं २ | १०००००। |
| २ | मगर दिवस कार्यक्रम वडा नं २ | ८००००। | कयरपोखरी खेलकुद फिल्ड निर्माण वडा नं २ | ५००००। |
| ३ | थापाचौतारा कुमिकोट र जोरपोखरीमा सोलार बत्ती व्यवस्थापन मल्लरानी ५ | १०००००। | मल्लरानी ५ को विभिन्न स्थानमा सेन्सर बल्व जडान | १०००००। |
| ४ | आदर्श प्रा.वि.दाह्रेखोला खा.पा.मर्मत | ५००००। | आदर्श प्रा.वि.दाहेखोला बसाई व्यवस्थापन | ५००००। |
| ५ | गडेरी, कुंडारा, चुंजाटाँटी, सोलार तथा विधुत जडान कार्यक्रम वडा नं २ | १४००००। | विभिन्न सार्वजनिक स्थलमा सेन्सर लाईट जडान वडा नं २ | १४००००। |

(७) कृषि तर्फ आ.व.०८२/८३ का लागि गाउँपालिकाको रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तरगत कोदो र घैया धान खेति गर्न प्रकृया अघि बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

बैठक नं १२

मितिः २०८२ चैत्र १८ गते बुधवार

(८) कृषि तर्फको वाली शिविर कार्यक्रम/घरदैलो उपचार कार्यक्रम मल्लरानी गाउँपालिकाको वडा नं २ को कुँडारा र वडा नं ३ को धरमपानी र वञ्चरेमा सञ्चालन गर्ने निर्णय गरियो ।

(९) विविध तर्फ

खाना महोत्सवको लागि विनियोजन भएको रु २,००,०००। उद्योग वाणिज्य संघ, मल्लरानी बजार ईकाईसंग सहकार्य गरी सञ्चालन गर्न मल्लरानी बजार इकाईलाई जिम्मा दिने निर्णय गरियो ।

वित्तीय साक्षरता कार्यक्रम अन्तरगत निम्न बमोजिमका सहकार सस्थाहरुलाई वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने निर्णय गरियो ।

- ✓ कुँडाराखोला बचत तथा ऋण सहकारी संस्था लि.वडा नं २
- ✓ मल्लरानी साना किसान सहकारी संस्था लि. वडा नं ३
- ✓ मल्लरानी बचत तथा ऋण सहकारी संस्था लि. वडा नं ४

- मल्लरानी गाउँपालिकाको दोस्रो सार्वजनिक सुनुवाई मिति२०८२ चैत्र २९ गतेका दिन मल्लरानी गाउँपालिका वडा नं २को कार्यालयमा सञ्चालन गर्ने निर्णय गरियो ।

(१०) मल्लरानी गाउँपालिका तर्फको कार्यक्रमहरुको तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| कार्यक्रमको शिर्षक | विनियोजित रकम | रकमान्तर हुने कार्यक्रमको शिर्षक | रकमान्तर हुने रकम |
|---|---|---|---|
| सेवा र परामर्श खर्च | २०,००,०००। | सर्पदंश उपचार केन्द्र अनुदान | १,००,०००। |
| | | डाइलासिस सेवा सञ्चालन अनुदान | ३,००,०००। |
| | | जिल्ला प्रहरी कार्यालयको चमेना गृहका लागि फर्निचर लगायतका सामग्री ब्यवस्थापन | २,००,०००। |

(११) विभिन्न व्यक्ति तथा संस्थाहरुवाट आर्थिक सहयोगका लागि निबेदन प्राप्त भएकोले देहाय बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- मल्लरानी गाउँपालिका वडा नं ३ बस्ने डुक बहादुर थापाको श्रीमती सिता थापालाई पाइल्स उपचारको लागि रु ८०००।
- मल्लरानी गाउँपालिका वडा नं ४ बस्ने टिका बहादुर गुरुङलाई कलेजो उपचारको लागि रु ५०००।
- मल्लरानी गाउँपालिका वडा नं ४ बस्ने मिना नेपालीलाई उपचारको लागि रु ५०००।
- मल्लरानी गाउँपालिका वडा नं २ बस्ने कृष्ण गिरीलाई घुँडामा समस्या भई हिडडुल गर्न समस्या भएकोले उपचारका लागि रु ५००० ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner